म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २९१ शनिबार १९ जेठ २०८१ ने. सं. ११४४ बछलागा 1 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

चट्याङबाट बच्ने उपायः

☞ बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,

☞ विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,

☞ विद्युतीय उपकरण बन्द गरौं,

☞ घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,

☞ बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,

☞ सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,

☞ सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एमाले मकवानपुर अधिवेशन

पोखेल र खुलालको भिडन्त पक्कापक्की, थापा र स्याङ्तान के गर्छन ?

संस्थापन पक्षको उम्मेदवार छैन ?

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/नेकपा एमाले मकवानपुरको १२ औं जिल्ला अधिवेशन शुक्रबारबाट सुरु भएको छ । पहिलो दिन खुलासत्र र बन्दसत्रमा सचिव, लेखा र अध्यक्षको प्रतिवेदन प्रस्तुत भएको छ ।

प्रतिवेदनमाथि आज शनिवार बिहानबाट समूहगत छलफल हुने र त्यसपछि एमाले मकवानपुरको नयाँ नेतृत्वका लागि निर्वाचन प्रक्रिया अगाडि बढाइने अध्यक्ष मण्डलका अध्यक्ष पार्टी पोलिटब्यूरो सदस्य तथा मकवानपुर इन्चार्ज देवी ज्ञवालीले जानकारी दिए । एमाले मकवानपुरले नयाँ अध्यक्षसहित सिंगो जिल्ला कमिटी पाउने भएकाले पार्टी पंक्तीको ध्यान यतिबेला अधिवेशन केन्द्रित छ ।

मुख्यतः जिल्लाकै ठूलो दल एमालेको अध्यक्ष को बन्छन् ? भन्ने कौतुहल्ता पार्टीभित्र मात्र नभई बाहिरी राजनीतिवृतमा पनि उत्तिकै चासो र चर्चाको विषय बनेको छ । अधिवेशनको पहिलो दिन केही प्रतिक्रियाहरु मार्फत नयाँ नेतृत्व आएपछि पार्टीको भविष्य र आगामी कार्यदिशा कस्तो बन्ला ? भन्ने चिन्ता र चासो तल्लो तहका कार्यकर्तासम्मै प्रष्ट देखिएको छ । विगतमा सहमतिको आधारमा नेतृत्व चयन हुँदा आलोचना र असन्तुष्टि देखिएकोमा यसपाली निर्वाचन कुनै हालतमा हुनुपर्ने कार्यकर्ता तहको माग छ ।

अधिवेशनका प्रमुखअतिथि पार्टी महासचिव शंकर पोखेलले भने सहमतिका आधारमा नेतृत्व चयन गर्न अनुरोध गरे । उनले निर्वाचनलाई जोड नदिई सहमतिमै नेतृत्व टुंग्याउन निर्देशनात्मक अनुरोध गरेको अभिव्यक्त भनाइबाट छर्लङ्गै हुन्थ्यो । तर, महासचिवको अनुरोधलाई पनि वेबास्था गर्दै एमाले मकवानपुरको नेतृत्व चयन निर्वाचन विधिबाटै हुनेमा शंका देखिँदैन ।

एमाले मकवानपुरमा ठूला दुईधार प्रष्टसँग खुलेको छ । डोरमणि पौडेल टिम र कृष्ण दाहाल टिमको चर्चा यत्रतत्र सर्वत्र छ । नेता रामेश्वर रानाको समर्थन कसलाई ? भन्ने चासो पनि छ । पार्टी बागमती प्रदेशको अधिवेशनको बदला तिर्न पनि दाहालको टिम सशक्त ढंगबाट आउने चर्चा छ । दाहालको टिमबाट एमालेका पुराना नेता श्रीधर पोखेल अध्यक्षका उम्मेदवार छन् । श्रीधरलाई पार्टी केन्द्रीय सदस्य तथा पुराना, इमान्दार छविका नेता केदार न्यौपानेको समर्थन छ ।

श्रीधर बलिया उम्मेदवार हुन् । नेतृत्वमा हुनुपर्ने राजनीतिक क्षमता र व्यक्तित्वका कारण पनि पार्टीभित्र श्रीधर चर्चित छन् । उनको प्रतिद्वन्द्वीमा पुराना नेता र घुनाथ खुलाल उभिने पक्कापक्की छ । खुलाललाई डोरमणि पौडेलको साथ छ । अधिवेशनको पहिलो दिन श्रीधर र खुलाल दुवैले प्रतिनिधिहरुसँग उम्मेदवारीको बारेमा खुलेर कुरा गरेका छन् ।

खुलाल पार्टी बागमती प्रदेश सचिवालय सदस्य हुन् । प्रदेशको सचिवालय सदस्य भएर पनि जिल्ला अध्यक्षको उम्मेदवार बन्न आएको विषयले भने खुलाल प्रश्नको घेराबन्दीमा परेका छन् । खुलाल यसअघि एमाले मकवानपुरको अध्यक्ष पदमै मुनु सिग्देलसँग १ मतले पराजित बनेका थिए । २०७४ को आमनिर्वाचन पछि जिल्ला समन्वय समितिको प्रमुख भएर काम गरे ।

श्रीधर र खुलालसँगै लालबहादुर थापा र ईन्द्रमान स्याङ्तान पनि अध्यक्षको लाइनमा छन् । गत प्रदेशसभा निर्वाचनमा प्रदेशसभा सदस्य उम्मेदवारसमेत रहेका थापा पार्टीका वर्तमान उपाध्यक्ष हुन् । स्याङ्तान पार्टी प्रदेश कमिटीको वर्तमान सदस्यसमेत छन् । उनले निर्वाचन जितेर प्रदेशसदस्य बनेका हुन् । थापालाई नेता रामेश्वर राना र स्याङ्तानलाई पार्टी इन्चार्ज देवी ज्ञवालीको साथ रहेको चर्चा छ । अध्यक्षमा देवराज रिमाल र ध्रुव चौलागाईं पनि आकांक्षी देखिएका छन् ।

१०५ सदस्य जिल्ला कमिटी चयन हुनेछ । यसैगरी उपाध्यक्ष पदका लागि विष्णु ढकाल, नवीन सिग्देल, हिदम लामा, सुनिल मोक्तान, पार्वती रानाको चर्चा छ । सचिव पदमा बिदुर हुमागाईं, मदनकुमार दाहाल, राजन थापा, सुमित्रा काफ्ले लगायतको चर्चा रहेको छ । उपसचिव पदमा सीता विष्ट, खेम जर्गामगर, दीपक खड्का, जुना दाहाल, आरती पाठक, सन्तोष पौडेल, शिवहरि दाहाल, रमिला सापकोटा, ईन्द्रप्रसाद नेपाल, सन्तोष चौलागाईलगायतको चर्चा छ ।

संस्थापनको उम्मेदवार छैन ?

अधिवेशनहरुमा पार्टी भित्रको संस्थापनपक्ष र संस्थापनइतरको समूहप्रति आमनेता, कार्यकर्ताको चासो रहने गर्दछ । तर, मकवानपुरको जारी अधिवेशनमा संस्थापन पक्षको उम्मेदवार नरहेको चर्चा परालमा आगो सल्किए जसरी सल्किएको छ ।

अधिवेशन उद्घाटन गर्न आएका पार्टी महासचिव पोखेलले आन्तरिकरुपमा संस्थापन पक्षको कुनै उम्मेदवार नरहेको बताएका हुन् । 'महासचिवज्यूले संस्थापन पक्षको कुनै उम्मेदवार छैन भनेर भन्नु भएको सुनिएको छ । उहाँले सहमतिमा नेतृत्व चयन हुनुपर्छ भन्नुको पछाडि संस्थापनको उम्मेदवार छैन भनेको चर्चा सत्य हो भन्ने लाग्छ,' एक नेताले भने, 'संस्थापन पक्षको उम्मेदवार छैन भनेर महासचिवज्युले भनेपछि अध्यक्षका प्रत्यासीहरु बढ्ने स्वभाविक कुरा छ । जसकारण अध्यक्षमा चार जनाको भिडन्त पनि हुन सक्छ ।,'

हेटौंडामा फोहोर खोज चुनौती प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/टोल विकास संस्था नगरसमन्वय समिति हेटौंडा उपमहानगरपालिकाको आयोजनामा फोहोर खोज चुनौती प्रतियोगिता र प्लास्टिकजन्य सामग्रीको विक्रीवितरण नगर्न सचेतना अभियान सञ्चालन गरिएको छ ।

विश्व वातावरण दिवस २०८१ को अवसरमा समितिले सप्ताहव्यापी कार्यक्रम अन्तरगत दोस्रोदिन १ हजार केजीभन्दा बढी फोहोर प्लाष्टिक संकलन गरी त्यसको व्यवस्थापन गरेको हो । हेटौंडा-१० वनविज्ञान अध्ययन संस्थानको गेटदेखि सुरु भएको फोहो खोज चुनौती प्रतियोगिता बसपार्क क्षेत्रमा गएर समापन भएको थियो ।

कार्यक्रममा विकास मगर र अनिसा राना मगरको समूह प्रथम राजकुमार सापकोटा र रिना सापकोटाको समूह दोस्रो, अरुणा भन्डारी र प्रमिला चालिसेको समूह तेस्रो भएको थियो । त्यस्तै सञ्जय सिग्देल र निश्चल भट्टको समूह र स्तोत्र लामिछाने र मन्दिप हुमागाईंको समूहले सान्त्वना स्थान हासिल गरेको हो । विजयी समूहलाई क्रमश १० हजार, ५ हजार, ३ हजार र २/२ हजार रुपैयाँ नगद पुरस्कार एवम् प्रमाणपत्र समापन कार्यक्रमको दिन प्रदान गरिने समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले जानकारी दिए ।

सो अवसरमा हेटौंडा उपमहानगरपलिका वातावरण महाशाखा प्रमुख सत्यदेवी अधिकारी, वातावरण इन्जिनियर चन्दा खड्का, नगरसमन्वय समितिका उपाध्यक्ष सति न्यौपाने, विष्णु ढुंगाना, शान्ति श्रेष्ठ, महासचिव शिवहरि दाहाल, उपमहासचिव देवकुमार श्रेष्ठ, सचिव एवम् कार्यक्रम संयोजक चन्द्रावती पनेरु, पुन्यवती घिमिरे, हर्करत्न लामा लगायतको उपस्थिति रहेको थियो ।

समितिले सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन रक्तदान कार्यक्रम आयोजना गरेको थियो । समितिले सप्ताहव्यापी कार्यक्रम अन्तरगत वातावरण संरक्षणमा टेवा पुग्ने गरी अन्य कार्यक्रमको सूचि सार्वजनिक गरिसकेको छ । सप्ताहव्यापी कार्यक्रमको समापन जेठ २३ गते हुने जनाइएको छ ।

स्कूल अफ म्यानेजमेन्टको उद्यमी मेला समापन

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ बागमती प्रदेश उद्यमी मेला शुक्रबार सकिएको छ । उद्यमशीलतालाई प्रोत्साहित गर्नु र स्थानीय व्यवसायीलाई विचार प्रस्ततु गर्ने र व्यवसायलाई बढावा दिने अवसर प्रदान गरी सहयोग प्रदान गें उद्देश्यले मेलाको आयोजना गरिएको थियो ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रमुख पुरनबहादुर जोशीको सभाध्यक्षता र बागमती प्रदेश उद्योग वाणिज्य, भूमि तथा प्रशासन सचिव राजेन्द्रकुमार केसीको प्रमुख आतिथ्यमा मेला भएको थियो । बागमती प्रदेशभित्र उद्यमशीलतालाई बढाउन, अवसर र सम्भावना पहिचान गर्दै मेलालाई अझ फलदायी र बहत् बनाउन आइहवले महत्वाकांक्षी उद्यमी, विद्यमान व्यवसायी, लगानीकर्ता र उद्योग विशषेज्ञलाई प्रेरित गर्न, शिक्षित गर्न र सहकार्य गर्न साझा थलोको रुपमा काम गरेको बताइएको छ ।

कार्यक्रम संयोजक ईशा सिलवालका अनुसार कार्यक्रमलाई दुईभागमा विभाजन गरिएको थियो । पहिलो भाग स्टार्टअप प्याभिलियन थियो जहाँ नवउद्यमीहरुको व्यवसाय प्रदर्शनर्श भएको थियो । उद्यमीहरुले आफ्ना उत्पादन र सेवा बिक्री वितरण गर्नुका साथै व्यवसायको अद्यावधिक गर्ने प्रतिक्रिया समावेश गरिएका थिए । कार्यक्रर्य मको दोस्रो भाग व्यापारीबीच प्रतियोगिता थियो, जहाँ नवउद्यमीहरुले व्यापार उद्योगमा संलग्न उद्योगी तथा व्यायसायी निर्णायक रहेको मञ्चमा आफ्नो उद्यमको बारेमा संक्षिप्तरुपमा प्रस्ततु गरेका थिए ।

उद्योग संध मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्मा, मकवानपुर उद्योग वाणिज्य संधका उपाध्यक्ष अनिल अग्रवाल लगायतको उपस्थिति थियो ।

हेटौंडा सूल अफ म्यानेजमेन्ट, आइहवबाट ६ उद्यमी, ललितपुर, चितवन, काठमाडौंबाट २/२ उद्यमी तथा मकवानपुरबाट ५ उद्यमीलगायत म्यानेजमेन्टका विद्यार्थी, शिक्षक, उद्योगी ब्यवसायी गरी कूल एक सय ५० भन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रम उत्कृष्ठ तीन स्टार्टअपलाई पुरस्कार स्वरुप नगद १० हजार रुपैयाँ र बीउपूँजीबापत २ लाख रुपैयाँ उपलब्ध गराइने बताइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream Into AIM

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा

शिक्षक सेवा | **बैंकिङ कक्षा तयारी**
खरिदार | **नेपाल विद्युत प्राधिकरण**
नायब सुब्बा | **नेपाल टेलिकम तह ४**

- Computer in Graphic Design
- Computer in web Devlopment
- Computer in Accounting Package

50% OFF for +2 Student
- Diploma in Computer
- Japanese Language
- IELTS/PTE Class

☛ शान्त तथा स्वच्छ वातावरण
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ हरेक हप्ता Model Test
☛ Handsout को व्यवस्था

आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।

Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

विज्ञान/प्रविधि

१० वर्षमा ३० खर्बको सूचना प्रविधिको निर्यात गरिने, १५ लाखलाई रोजगारी

सरकारले नेपाललाई सूचना प्रविधि हबका रुपमा विकास गर्ने घोषणा गरेको छ । सूचना प्रविधि क्षेत्रबाट १० वर्षमा ३० खर्बको निर्यात गर्ने लक्ष्य समेत सरकारले तय गरेको छ ।

मंगलबार प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा अर्थमन्त्री वर्षमान पुनले पेश गरेको आगामी आर्थिक वर्ष २०८१/८२को बजेट वक्तव्यमा सूचना प्रविधि क्षेत्रमा १० वर्षमा ५ लाख जनालाई प्रत्यक्ष र १० लाख जनशक्तिलाई अप्रत्यक्ष रोजगारी दिने लक्ष्य तोकिएको छ ।

आगामी वर्षलाई सूचना प्रविधि दशकको प्रस्थान वर्षका रुपमा अघि बढाउने र र सूचना प्रपविधि क्षेत्रलाई अर्थतन्त्रको संवाहक क्षेत्रका रुपमा विकास गर्ने उल्लेख छ ।

कृत्रिम बौद्धिकताको विकास र नियमन गर्ने र डिजिटल नेपालको फ्रेमवर्कमा परिमार्जन गरेर कार्यान्वउयन गर्न संस्थागत व्यवस्था गर्ने पनि बजेटमा उल्लेख छ । यसका लागि ५९ करोड विनियोजन गरिएको अर्थमन्त्री पुनले जानकारी दिएका छन् ।

उनले काठमाडौं र बुटवलमा सूचना प्रविधि पार्क सञ्चालन गर्ने र ३ वर्षका लागि त्यस्ता पार्कमा वर्क स्टेसन नि:शुल्क उपलब्ध गराउने घोषणा भएको छ । यस्तो पार्कका लागि सार्वजिक निजी साझेदारीमा काठमाडौंको डिल्लीबजारको चारखालमा बहुतले भवन बनाउने पनि घोषणा भएको छ । ललितपुरको खुमलटारमा ज्ञानपार्क निर्माणकाका लागि १७ करोड पनि विनियोजन भएको छ ।

सरकारी डेटा सेन्टरको स्तरीकरण गर्ने र सूचना प्रविधिमा स्नातक र स्नातकोत्तर गर्नेलाई इन्टर्नको व्यवस्था गर्ने बजेट वक्तव्यमा उल्लेख छ ।

मंगल ग्रहमा दुई महिनामै पुग्नेछन् अन्तरिक्ष यात्री

मंगल ग्रहमा मानिसले पाइला टेक्ने कुरा वास्तवमै निकै कठिन तथा सुदूर भविष्यको सम्भावनाको विषयका रुपमा रहेको छ । यसका लागि यस्तो यानको आवश्यकता पर्नेछ जसले कम समयमा यति धेरै दूरी तय गर्न सकोस् । किनकि धर्ती र मंगल ग्रह बीचको दूरी परिवर्तन भैरहन्छ । अहिले जुन रकेट प्रविधि उपलब्ध छ त्यसको हिसाबले पृथ्वीबाट मंगल ग्रहमा जानका लागि २२ देखि २४ महिनासम्म लाग्न सक्दछ ।

पृथ्वीबाट हिंडेको २ वर्षमा मात्रै मंगल ग्रहमा पुगिने अहिलेको अवस्थाले पनि मंगल ग्रहमा वस्ती बसाउने काल्पनिक योजनाहरूलाई पत्यारिलो बनाउन सकिरहेको छैन । तर अमेरिकी अन्तरीक्ष संस्था नासाले भविष्यका लागि एउटा यस्तो रकेट बनाउने योजना तयार पारेको छ जसका माध्यमबाट अन्तरीक्षयात्रीहरु केवल २ महिनामै मंगल ग्रहमा पुग्न सक्नेछन् ।

उक्त रकेटको नाम पल्स्ड प्लाज्मा रकेट (पीपीआर) रहेको छ । नासाले उक्त रकेटको विकासमा काम गर्नका लागि Howe Industries लाई रकम उपलब्ध गराएको छ । नासाका अनुसार उक्त रकेटको प्रपल्सन प्रणाली निकै विशेष र अत्याधुनिक छ । यसले हाइ स्पेसिफिक इम्पल्स अर्थात् आइएसपीमा उडान भर्नेछ । यसबाट रकेटको इन्जिनलाई शक्ति प्राप्त हुनेछ । यसको माध्यमबाट मंगल ग्रहमा कार्गो तथा अन्तरिक्षयात्रीहरुलाई २ महिनामा पूराउन सकिने नासाको दाबी छ। यद्यपि अहिले यो रकेटको अवधारणा मात्रै तयार भएको हो पिपिआर रकेटमा आणविक फ्युजन प्रणाली जडित हुनेछ र आणविक उर्जा बाटै रकेट चल्नेछ । इसमा परमाणुलाई टुक्राइन्छ र त्यस क्रममा भारी मात्रामा उर्जा पैदा हुन्छ । यसले रकेटलाई तिव्र रुपमा अगाडि बढाउँछ । तर पिपिआर सानो आकारको हुनेछ, सामान्य ढंगको हुनेछ र अन्य खालका रकेटहरुको तुलनामा सस्तो पनि रहनेछ । तर आकारमा सानो भएपनि यो रकेटले ठूला अन्तरीक्षयानहरूलाई समेत बोकेर अन्तरीक्षमा पूराउन सक्नेछ । यसमा यस्तो प्रविधि हुनेछ जसले अन्तरिक्षयात्रीहरुलाई खगोलीय कस्मिक किरणहरुबाट समेत बँचाउनेछ । जसका कारण अन्तरिक्षयात्रीहरु लामो समयसम्म अन्तरीक्षमा यात्रा गर्न सक्नेछन् ।

यौन स्वास्थ्य

यौन स्वास्थ्य र यौन शिक्षा

यौन शिक्षाले यौनको सबै पहलहरूको बारेमा बताउँछ । यसमा यौनसँग जोडिएका भावनाहरु, जिम्मेवारीहरु मनुष्यको शरीरको रचना, यौन क्रियाकलाप, प्रजननता, यसको लागि सही उमेर, सुरक्षित यौन, जन्म नियन्त्रण वा यौनमा संयम जस्तो विषयहरुको बारेमा विस्तारसँग बताउने गरिन्छ । यसरी शिक्षाको लागि स्कुलमा चल्ने सार्वजनिक स्वास्थ्य कार्यक्रम वा परिवारको अभिभावकहरूद्वारा पनि कतिपय अवस्थामा सिकाउने गरिन्छ । पहिले यस विषयमा किशोर वा किशोरीहरुलाई कुनै पनि तरिकाले जानकारी दिन सकिँदैनथ्यो ।

समाजमा यी विषयहरुमा कुरा गर्नु पनि गलत मान्ने गरिन्थ्यो । सामान्य हिसाबले जति जानकारी दिने गरिन्थ्यो, त्यो पनि घरका मानिसहरूद्वारा नै दिने गरिन्थ्यो । यौन शिक्षामा महिला वा पुरुषहरुको यौन स्वास्थ्यका साथ गर्भावस्था वा त्यसको बचावटको बारेमा बिस्तारसँग बताउने गरिन्छ । यसबाट युवाहरूको यौन सम्बन्धसँग हुनेवाला बिरामीहरु वा संक्रमण जस्तो एचआईभी आदिप्रति जागरुक गर्ने गरिन्छ । यसकारण यौन स्वास्थ्य हरेक बच्चा वा किशोरलाई घरमा वा स्कुलमा दिनु आवश्यक हुन्छ ।

महिलाहरूको यौन स्वास्थ्यको बारेमा जानकारी

महिलाहरुको यौन स्वास्थ्यको बारेमा जान्नुभन्दा पहिले महिलाहरुको यौन अंगहरुको जानकारी तल दिइएको छ ।

१ **स्तन** : स्तन महिलाहरुको छातीको हिस्सा हुने गर्छ । यसमा बोसोयुक्त मांस तन्तु हुन्छ । यसमा कैयौं तन्त्रिकाहरु वा निप्पल हुने गर्छ । किशोरावस्था प्रवेश गरेसँगै उक्त मांशतन्तुसमेत बिस्तारै बढ्दै जान्छ । महिलाहरुको तुलनामा पुरुषहरुको छातीमा उक्त मांसतन्तु धेरै विकसित हुने गर्दैन ।

२. **योनी** : महिलाहरुको जननांगलाई योनी भन्ने गरिन्छ । यसको भित्री भाग योनीमुख वा गर्भाशयसँग जोडिएको हुन्छ । यही ठाउँमा सम्भोग गर्ने गरिन्छ । मासिक धर्म वा बच्चा समेत जन्मको समय यही ठाउँबाट बाहिर निस्कने गर्छन् ।

३. **योनीमुख** : महिलाको बाहृय यौन अंगलाई योनीमुख भन्ने गरिन्छ । यसमा क्लिटोरिसलाई समेत राख्ने गरिन्छ । यो जननांग ओठको जस्तै संवेदनशील मांसहरुबाट बनेका हुन्छन् । यसबाट बार्थोलिन ग्रन्थीहरु जोडिएको हुन्छ । यो ग्रन्थीले योनीलाई चिल्लो बनाइ राख्छ ।

४ **गर्भाशय** : यस स्थानलाई गर्भाशयको नामबाट पनि चिन्ने गरिन्छ । यो नासपाती वा बन्द मुट्ठीको आकारको अंग महिलाहरुको पेटको तल्लो हिस्सामा हुने गर्छ । गर्भाशयभन्दा तल्लोभागतर्फ योनी र माथिल्लो भागतर्फ अण्डाशयदेखि गर्भाशयसम्म अण्ड लिएर जानेवाला नलीसँग जोडिएको हुन्छ । मासिक धर्मचक्रको साथसाथ हरेक महिना गर्भाशयको निर्माण पनि भइरहन्छ ।

५ **हाइमन** : यो योनीको भित्रको मांशपिण्डको पातलो झिल्ली हो । यो झिल्लीले महिलाहरुको योनी मुखको मार्गलाई सुरक्षित राखिदिन्छ । कैयौं पटक योग या यौनसम्बन्ध राख्दा यो झिल्ली टुट्न सक्छ ।

पुरूषको यौन स्वास्थ्यसम्बन्धी शिक्षा

पुरुषको यौन अंग र उनीहरुसँग जोडिएको मुख्य बिरामीको विषयलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. **लिंग** : पुरुषको प्रजनन् अंगलाई लिंग भन्ने गरिन्छ । जुन तीन मुलायम मांसतन्तुहरु मिलेर बन्ने गर्छ । यो मुलायम मांसतन्तु उत्तेजनाको समयमा रगतले भरिएर आउँछ । यो मांसतन्तुले नै लिंगमा उत्तेजना भर्ने गर्छ । लिंगबाट मूत्र वा वीर्यसम्बन्धी तरल पदार्थ निस्कने गर्छ ।

२. **लिंगको माथिल्लो भाग** : यसमा पुरुषहरुको लिंगको माथिल्लो छालालाई आंशिक या पूरा रुपले हट्ने गर्छ । केही सम्प्रदायहरुमा यसलाई काटेर फाल्ने चलन पनि हुन्छ ।

३. **पुरुषको जननांगमा उत्तेजना** : पुरुषमा यौनक्रियाभन्दा पहिले लिंगमा जब रगतले भरिएको हुन्छ भने त्यस्तो अवस्थामा उत्तेजना भरिने गर्छ । यो सामान्य स्थितिभन्दा माथि जाने गर्छ । यसलाई नै पुरुष जननांगमा हुने उत्तेजना भन्ने गरिन्छ ।

४. **स्खलन** : यौन क्रियाको चरम आनन्दमा पुरुषको लिंगबाट निस्कने वीर्यको प्रक्रियालाई स्खलन भनिन्छ । त्यस्तै, महिलाहरुमा चरम आनन्दको स्थितिमा यौनीबाट तरल पदार्थ स्खलित हुन्छ ।

५. **वीर्य** : यो पुरुष जननांगबाट निस्कने सफेद रंगको तरल पदार्थ हो । यसमा शुक्राणु वा तरल पदार्थ मिसिएको हुन्छ । जननांगमा उत्तेजनाको चरम अवस्थामा पुगेपछि यो पदार्थ बाहिर आउँछ ।

यौन क्रिया वा लैङ्गिकतासम्बन्धी शिक्षा

१. यौनसम्पर्क के हो ?

कुनै पनि महिला र पुरुषको सहमतिमा दुई व्यक्तिबीच हुने शारीरिक सम्बन्ध नै आम बोलचालको भाषामा यौनसम्पर्क कहलाउँछ ।

२. सुरक्षित यौनसम्पर्क के हो ?

जब तपाई आप्ऽ्नो साथीको साथमा कण्डम या महिलाहरुको गर्भ रोक्नको लागि वा अन्य संक्रमण रोक्नको लागि अपनाउने सुरक्षाको उपाय नै सुरक्षित यौनसम्पर्क हो ।

३. मुखमैथुन के हो ?

मुखमैथुन भनेको मुख वा जिब्रोको प्रयोगबाट साथीको प्रजनन् अंग वा संवेदनशील अंग र एनललाई उत्तेजित गराउने गरिन्छ भने यसलाई मुखमैथुन भनिन्छ । यसबाहेक यौन सम्पर्कको विविध विधि अपनाउनु, आफ्नो साथीहरुसँग अनिवार्य सहमति लिनु आदि विषयलाई पनि यसमा महत्व दिनुपर्छ ।

साहित्य

कविता

आत्म विश्वास

✍सक्षम कुमार झा

कक्षा : १०, नवोदय शिशु सदन

चुनौतीहरुको सामना गरौं
हरेक दिन सफलता पाउन
जीवनमा मेहेनत गरौं
हरेक दिन जीवनको यात्रामा

नाथको कहिल्यै गाह्रो
परिस्थितिमा नभागौं
कहिल्यै जीवन छ
सानो संघर्ष गर्न सिकौं
हरेक पल छ महत्वपूर्ण

बर्बाद गरी नफालौं
जीवनमा सपना बोकौं
कठिनाईहरु सामना गरौं
आफ्नो कर्मले जीवनमा
अविस्मरणीय बनाऔं ।

कविता

जीवन जिउन सिक तिमी

✍श्रीयसी कार्की

कक्षा : ९, नवोदय शिशु सदन

जीवन जिउन त मन छैन
नभन त्यस्ता शब्द
मेरा अगाडि
आजकल बोल्न मन लाग्दैन
कसैसँग मलाई
बोल्न जरुरी छैन
सफलताको शिखरमा
बढ्नु छ तिमीलाई

थाहा छ आजकल
तिमी तिमी हुन छाड्यौ
कहिलेबाट तिमीले खुसी
नकाब लगाई दु:ख लुकाउन थाल्यौ
तिमीले आजकल आशाको
किरामारी आफू माथि
विश्वास गर्न छाड्यौ
तिमी अरुलाई खुसी बनाई
मुहारमा मुसकान लाउने मान्छे
आज निराशामा आफ्नो मुटु टोड्यो

अरुलाई साथी बनाइ
सबैसँग जोड्थ्यो आज
एक्लै बनी माइनसमा गयौ तिमी
यी दु:खबाट
भाग्न खोज्छौ तिमी
तर आत्मविश्वास र हिम्मतले
पार गर यो जिन्दगी
जीवन जिउन सिकाउँदै छ
यो संसारले तिमीलाई
भारी मुद्रा लास बनाउँदै छ
खाली र एक्लोपनालाई
जीवनको हौसला बनाई
अगाडि बढ तिमी
छिट्टै नै सकिने छ यो सघर्षको
यात्रा उतार चढावको
जिन्दगीमा अँध्यारो पछिको
आउने छ उज्यालो
बिहान हुन पनि त कुर्नुपर्छ
त्यो लामो र कालो रात
जब तिमी सफलताको
शिखरमा पुग्छौ
थुप्रै अगाडि बढाउँछन्
तिम्रा निम्ति हात
प्रेरणा र दृढताले अगाडि बढ
यही छ मेरो चाहना

लघुकथा

पिपलको बोनसाई

✍ईगम खालिङ

त्यो दिन श्रुतीको आठौं जन्मदिन थियो । बिहानैदेखि घरका सदस्यहरूलाई हतार भए तापनि आफूचाहिँ आरामले सुतिरहेकी बेलामा उसको कानमै कसैले “श्रुती ! श्रुती ! श्रुती !” भन्दै बोलाएको शक्तिशाली आवाज आउँछ ।

श्रुतीले ‘हजुर’ भन्नसाथ बैठक कोठाबाट उसलाई कसैले मधुर आवाजमा जन्मदिनको शुभकामना दिन्छ, “श्रुती ! जन्मदिनको हार्दिक मङ्गलमय शुभकामना छ । तिम्रो जीवनमा खुशीको दिन कहिल्यै नसकोस् ।” कहिले नसुनेको आवाज सुनेर ऊ छक्क पर्छे । पलङ्गबाट एक्कासि उठेर ऊ आँखा माड्दै बैठक कोठामा पस्छे अनि एकपल्ट चारैतिर राम्ररी निहाल्छे । तर त्यहाँ कोही पनि नदेखेर ऊ फर्किइरहेको बेला अचानक आवाज आउँछ–“श्रुती ! म यहाँ छु ।”

ऊ झन् छक्क पर्छे कि उसलाई बोलाउने साथै त्यस्तो मीठो स्वरमा जन्मदिनको शुभकामना दिने त त्यो पिपलको बोनसाई बोट पो रहेछ । ऊ के गरु कसलाई सुनाऊ हुन्छे । त्यो बोट फेरि बोल्न थाल्छ, “श्रुती ! मैले आजको दिन पर्खेको सात बर्ष भइसकेको छ । मेरो पीडा कसैले बुझ्न सकेन । म यसरी घरभित्र माटाको थालमा कुच्रिएर बसिरहनु हुँदैन । म यसरी बसिरहे भने तिम्रो परिवारलाई राम्रो हुनेछैन । त्यसैले तिमीले मलाई आज मुक्ति दिनुपर्छ । घरमाथिको मन्दिर परिसरमा तिमीले मलाई तिम्रै हातले पुनर्रोपण गर्नुपर्छ ।” श्रुतीले एकटक लगाएर पिपलको बोनसाई बोटलाई हेरिरहन्छे अनि पिपलको बोनसाई बोटले चाहिँ तपतप आँसु झारिरहन्छ । उनको कलिलो मुटुमा पिपलको बोनसाई बोटप्रति असीम माया पलाएर आउँछ ।

जन्मदिनको केक काटिसकेपछि सबैले श्रुतीलाई जन्मदिनका शुभकामना र कोशिलीहरू दिन थाल्छन्, तर उसले भने आमा-बाबालाई त्यो पिपलको बोनसाई बोट नै जन्मदिनको कोशिलीका रूपमा माग्छे । “छोरी ! तिमीले त्यो माग्नुपर्दैन, त्यो त तिम्रै हो बरु कुनै अरु चीज माग ” भनेर आमा-बाबा दुवैले उसलाई सम्झाउने कोसिस गर्छन् । त्यसपछि श्रुतीले उनीहरूलाई बिहानको त्यो घटना एकैसासमा वृतान्त सुनाउँछे । उसको कुरा सुनेर सबैजना आश्चर्यमा पर्छन् ।

श्रुतीका आमा र बाबाले त्यस पिपलको बोनसाई बोटको इच्छानुरूप त्यसलाई घरमाथिको मन्दिर परिसरमा छोरीकै हातबाट पुनर्रोपण गरिदिने निर्णय लिन्छन् । त्यसपछि सबैजना त्यो पिपलको बोनसाई बोट लिएर माथि मन्दिरमा गई त्यसलाई माटाको थालबाट मुक्त गरेर भुइँमा सारिदिन्छन् । त्यस पिपलको बोटले जस्तो श्रुतीलाई धन्यवाद दिन्छ त्यस्तै बढेर सात बर्षमा जत्रो हुनुपर्थ्यो त्यत्रै बोटमा परिणत हुन्छ । त्यस्तो एउटा अविश्वासनीय दृश्यको साक्षी भएर सबैजना अलमल्ल पर्छन् अनि एउटा अनौठो डरमा ईश्वरको नाम लिँदै त्यहाँबाट फर्किन्छन् ।

जब उनीहरू घर आइपुग्छन् त्यतिबेला सबैजना हेरेका-हेरेकै हुन्छन्–नर्सरीका सारा बोनसाईका बोटहरू बढेर एउटा पटेर जङ्गलमा परिणत भइसकेका रहेछन् । अनि घर पनि भत्किएर भताभुङ्ग भइसकेको रहेछ । त्यस घटनापछि अझैं पनि मानिसहरू टाढा-टाढाबाट त्यो मन्दिर परिसरको पिपलको बोट हेर्न आइरहन्छन् ।

ठुलो मन

✍नन्दलाल आचार्य

सडकको नाराबाजीलाई अनदेखा गर्दै प्रहरी भ्यान मेरो दैलोमा उभियो र प्रहरी प्रमुखले भन्यो, “तपाईंको छोरो कुहिएर गन्हाएको छ, तपाईंलाई थाहा छैन ?”

जवाफमा मैले आँखीभौं खुम्च्याएर प्रमुखको अनुहार हेरैं, उसको अनुहारमा त्रासको बादल मडारिएको थियो । मुखमा भने घृणाको पहाड थुप्रिएको थियो । उता सडकको भुईं कालाम्मे थियो, सडकमाथि भने ध्वजापताकाले राताम्मे थियो । सडकका मानिसहरुको अनुहारमा भने क्रोधको आगो सल्केको थियो । उनीहरुको मुखबाट दुई कुरा मात्र निस्किरहेको थियो- गणतन्त्र जिन्दावाद र निरंकुशता मुर्दावाद ।

प्रमुखले फेरि सोध्यो, “तपाईंको छोरो लहैलहैको शिकार भएको छ । अब त्यसको अमनचयन तपाईंको हातमा छ ।”

“म सत्तरी सेरोफेरोमा पुगेकी नारीलाई पखेटा लागेको छोराका बारेमा केही नभन्नुस् । जे गर्छ उसैले सुझबुझले गर्छ । नानाभाँती सोच्ने मेरो मन पत्थर भइसक्यो ।” मैले थोरै शब्द चुहाएँ ।

प्रमुखले खुलस्त पार्दै कुरा राख्यो, “जनआन्दोलनका नाममा केही उरन्ठेउला मान्छेको बिचमा उभिएर तपाईंको छोरो आलोकाँचो कुरा गर्दै छ । सम्झाउनुस् । नत्र बुढेसकालमा आँसु खसाल्नुपर्ला ।”

त्यही छोरालाई हुर्काउन, उत्तम संस्कार दिन र दिलाउन साथै सानो मन बढाउन मैले ठुलो कष्ट गरेकी थिएँ । यत्तिखेर प्रहरीका मुखबाट खबरदारी सुन्न पाउँदा मलाई दु:ख हैन आनन्द लागिरहेको थियो ।

विगतदेखि वर्तमानसम्मको अनुभूतिले मेरो मन दुई हात उफ्रेको थियो । मैले प्रमुखलाई भनिदिएँ, “मेरो लगानी ठिक ठाउँमा परेछ र ब्याज प्राप्त भइरहेको छ ।”

चित्रकला



दिपशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

चीनले सेनालाई दिएका मापदण्ड फेल गाडी दर्ता गर्न आर्थिक ऐन दुरुपयोग

जङ्गी अड्डा
ARMY HEADQUARTERS
अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

३१. सवारी साधन दर्ता सम्बन्धी विशेष व्यवस्था: मि
सहयोग स्वरूप नेपाली सेनालाई प्राप्त भई दर्ता हु
सवारी साधनको जाँचपास र दर्ता गर्न प्रचलित नेपाल सवारी प्रदुषण
मापदण्डको व्यवस्थाले बाधा भएको मानिने छैन।

नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९
(Nepal Vehicle Mass Emission Standard, 2069)

काठमाडौं/बजेट तथा आर्थिक ऐनबारे भनाइ छ- नागरिकता ऐन पनि आर्थिक विधेयकका रूपमा पेस गरियो भने सजिलै पास हुन्छ । कानुन बनाउने क्रममा सबैभन्दा विवाद नागरिकता ऐनमा हुने भएकाले यस्तो उदाहरण दिने गरिएको हो ।

किनभने बजेटसँगै प्रस्तुत हुने विनियोजन विधेयक, आर्थिक विधेयकलगायत कमा, फुलस्टप पनि परिवर्तन नगरी पास हुन्छन् । यी विधेयकमा संसदमा भएको बहसको कुनै अर्थ हुँदैन, विधेयकमा सांसदले संशोधन हाल्नसमेत पाउँदैनन् । तर, आर्थिकबाहेकका अन्य विधेयकमा भने सरकारले त्यस्तो विशेषाधिकार प्रयोग गर्न पाउँदैन ।

सरकारले बुधबार संसद्मा पेस गरेको आर्थिक विधेयकमा राख्नै नमिल्ने एउटा विषय राखेर यहाँ प्रस्तुत उदाहरणको झल्को दिएको छ । आर्थिक विधेयकमा विशुद्ध करसँग सम्बन्धित विषयमात्रै समावेश हुन्छन् । तर, अर्थमन्त्री वर्षमान पुनले बुधबार संसद्मा पेस गरेको आर्थिक विधेयकमा एउटा त्यस्तो विषय समावेश छ, जसले सरकार आफ्नो विशेषाधिकारलाई मनलाग्दी प्रयोग गर्छ भन्ने प्रमाणित गर्छ ।

आर्थिक विधेयकको दफा ३१ मा छ, 'मित्रराष्ट्र चीनबाट सहयोग स्वरूप नेपाली सेनालाई प्राप्त भई दर्ता हुन बाँकी रहेका सवारी साधनको जाँचपास तथा दर्ता गर्न प्रचलित नेपाल सवारी प्रदूषण मापदण्डको व्यवस्थाले बाधा भएको मानिने छैन ।' यो विषय प्रत्यक्ष वा परोक्ष कुनै हिसाबले राजस्वसँग सम्बन्धित छैन । र, नेपालको यातायातसँग सम्बन्धित कानुन तथा मापदण्ड अनुरूप गैर कानुनी मानिएको कामलाई यसले वैधानिकता दिएको छ ।

कुन मापदण्डको गाडी दर्ता गर्ने वा नगर्ने भन्ने विषय यातायात व्यवस्था विभाग अन्तर्गतका यातायात कार्यालयहरूको क्षेत्राधिकारको विषय हो । तर, आर्थिक विधेयकमा अर्थ मन्त्रालयको क्षेत्राधिकार नै नभएको विषय समावेश हुनु उचित नभएको पूर्व मुख्यसचिव विमल कोइराला बताउँछन् ।

अर्थ मन्त्रालयले राजस्वसँग सम्बन्ध नै नभएको विषयलाई र खेर आर्थिक ऐन दुरुपयोग गरेको कोइराला बताउँछन् । 'सेना वा जुनसुकै निकायका गाडी दर्ता गर्न नमिलेको विषयलाई सम्बोधन गर्न दर्ता निकाय बोल्नुपर्थ्यो,' कोइरालाले संचारकर्मीसँग भने, 'त्यसो नगरी अहिले आर्थिक ऐनमा त्यो विषय ल्याइयो । आर्थिक ऐनमा यो विषय परेपछि त्यो कानुनसरह भयो । त्यसो हुँदा यो एउटा नैतिक प्रश्न पनि हो ।'

पूर्व अर्थसचिव रामेश्वर खनाल पनि राजस्वमा प्रत्यक्ष वा परोक्ष वा सम्बन्ध नभएको विषय आर्थिक ऐनमा पर्नु मनासिव नभएको बताउँछन् । नेपाली सेनाले विभिन्न समयमा चीनले अनुदान दिएका ९५ थान गाडी अहिलेसम्म पनि दर्ता हुन सकेको छैन । सरकारले २०६९ मा जारी गरेको नेपाल सवारी प्रदूषण मापदण्डमा 'युरो-३' को समानस्तर बनाइएको छ । त्यस मापदण्ड पूरा नगर्ने वा त्यसअघिको मापदण्डका गाडी नेपालमा आयात गर्न तथा दर्ता गर्न पाइँदैन ।

तर, चीनबाट ल्याइएका भनिएका ती गाडी दर्ताका लागि नेपाली सेनाले 'युरो-३' मापदण्ड पूरा गरेका कागजात पेस गर्न नसकेकाले दर्ता नगरेको यातायात व्यवस्था विभाग स्रोतले बतायो । ती गाडी युरो-२ वा त्यसभन्दा पनि पुरानो मापदण्डका छन् ।

'कस्ता गाडी दर्ता गर्ने भन्ने विषय वातावरण मन्त्रालयको नेपाल सवारी प्रदूषण मापदण्ड एउटा प्रमुख आधार हो,' विभाग स्रोतले भन्यो, 'त्यो मापदण्ड पूरा नभएका गाडी यातायात कार्यालयले दर्ता गर्न मिल्दैन, त्यसो हुँदा ती गाडी दर्ताका विषयमा हाम्रो कुनै हात छैन ।'

नेपालको कानुनले नै दर्ता गर्न बर्जित गाडी दर्ता गरि दिन नेपाली सेनाले वर्षौंदेखि 'लबिङ' गर्दै आएको छ । मापदण्ड नपुगेका गाडी दर्ता गर्न यातायात व्यवस्था विभागले अस्वीकार गर्दै आएको छ । युरो-३ मापदण्ड पनि पुरानो भयो भनेर युरो-६ लागु गर्ने तयारी भइरहेका बेला प्रदूषण मापदण्ड विपरीतका सवारीसाधन दर्ता गर्न कर कानुन मात्रै आकर्षित हुने आर्थिक ऐन दुरुपयोग गरिएको हो ।

तीन-चार वर्षदेखि नेपाली सेना र रक्षा मन्त्रालयले यो विषयलाई आर्थिक ऐनमार्फत सम्बोधन गराइदिन अनुरोध गरे पनि अर्थ मन्त्रालयले अस्वीकार गर्दै आएको मन्त्रालय स्रोतले जानकारी दियो । 'विगतमा पनि हरेक वर्ष यो विषय लिएर आउँथे, तर यो आर्थिक ऐनमा लेख्ने कुरा होइन, भौतिक पूर्वाधार वा वातावरण मन्त्रालयले गर्ने कुरा हो, उतैबाट गराउनुस् भनेर फिर्ता गर्दै आएका थियौं,' स्रोतले भन्यो, 'तर, यसपटक भने आर्थिक ऐनमा परेछ, हामी नै आश्चर्य चकित भयौं ।'

चीनले दिएका र नेपाली सेनाले प्रयोग गरेकै आधारमा हाम्रा प्रदूषण मापदण्ड पालना गर्नु नपर्ने भन्ने विषय नै मिल्दो नभएको स्रोतको भनाइ छ । 'चीनले सेनालाई दिएका गाडी दर्ता गर्नैपर्ने भए प्रदूषण मापदण्डमै सैन्य सहायतालाई यो मापदण्ड लागु नहुने लेखेको भए हुन्थ्यो,' स्रोतले भन्यो, 'क्याबिनेटबाट मापदण्ड पारित भइहाल्थ्यो, किन वर्षौं पुराना गाडी दर्ता गर्न गलत अभ्यास गरियो ?'

सरकारमा बस्ने दलहरूले बहुमतको बलमिच्याइँमा यस्ता गर्नै नहुने काम बेलाबेला आर्थिक ऐनमार्फत ल्याएर पारित गराउने गरेको संसद्का एक पूर्वमहासचिव बताउँछन् । 'मापदण्ड फेल भएका गाडी दर्ता गर्न आर्थिक ऐन दुरुपयोग गर्ने काम स्वयम् सरकारले गरेको छ, यो बहुमतले गरेको बलमिच्याइँ बाहेक केही होइन,' ती पूर्वमहासचिवले नाम उल्लेख नगर्ने सर्तमा भने ।

रक्षामन्त्री हरिप्रसाद उप्रेती चीन सरकारले दिएका महँगा गाडी लामो समयदेखि दर्ता हुन नसकेको अवस्थालाई आर्थिक ऐनमार्फत नै सम्बोधन गर्न अर्थ मन्त्रालयलाई लेखी पठाएको बताउँछन् । 'यातायात कार्यालयले युरो-३ मापदण्ड अनुसार यी गाडी छैनन् भनेर रोकिरहेको रहेछ, तर चीनले अनुदानमा दिएको गाडी कबाडीमा राख्नुहुँदैन भनेर मैले यसअघि पनि र अहिले पनि समस्या समाधानका लागि पहल गरेको हुँ,' मन्त्री उप्रेतीले संचारकर्मीसँग भने, 'अर्थ, वातावरण, कानुन लगायत मन्त्रालयसँग बैठक गरेपछि आर्थिक ऐनमार्फत नै यसलाई सम्बोधन गर्नुपर्छ भनेर हामीले पत्राचार गरेका हौं ।'

प्रदूषण मापदण्ड नपुगे पनि गाडी दर्ता गर्ने भन्ने विषय कसरी आर्थिक ऐनको विषय भयो ? भन्ने प्रश्नमा मन्त्री उप्रेतीले स्पष्ट जवाफ दिन सकेनन् । 'दर्ता महसुल छुट दिने विषय आर्थिक विधेयकमा परेको हो,' उनले भने । आर्थिक विधेयकको दफा ३१ मा महसुल छुट दिने विषय त उल्लेख नै छैन, प्रदूषण मापदण्ड नपुगे पनि दर्ता गर्ने भन्ने मात्रै छ त भन्ने जिज्ञासामा उनले यस विषयमा आफूले बुझेर बताउने बताए । एक घण्टापछि यस विषयमा जानकारी गराउने भने पनि त्यसपछि उनी सम्पर्कमा आएनन् ।

प्रदूषण मापदण्ड नपुगेका गाडी दर्ता हुन नसक्दा सडेर जाने अवस्था आएकाले बाधा अड्काउ फुकाउन रक्षा र वातावरण मन्त्रालयबाट लेखी आएकाले सोही अनुसार आर्थिक ऐनमा व्यवस्था गरिएको अर्थ मन्त्रालयका प्रवक्ता उत्तरकुमार खत्रीले बताए ।

'चीन सरकारले नेपाललाई दिएका गाडी युरो-३ मापदण्ड पूरा गरेका रहेनछन्, तर आइसकेका ती गाडी कुहाउन पनि भएन । मापदण्ड नपुगेका गाडीको प्रज्ञापनपत्र भरिँदैन । प्रज्ञापनपत्र नभएको गाडी यातायात कार्यालयले दर्ता गर्दैन,' उनले भने, 'यो अवस्थालाई सम्बोधन नगरे नयाँ गाडी नै कबाडीमा जाने र कबाडीमा पनि व्यवस्थापन गर्न नसकिने भयो भनेर बाधा अड्काउ फुकाउन दुई मन्त्रालयले लेखी पठाएका छन् । त्यसअनुसार आर्थिक ऐनमा यो विषय परेको हो ।'

(स्रोत: अनलाइनखबर)

दलित आयोगले गऱ्यो 'पूजार सार्की' हेर्न आह्वान

RUNNING SUCCESSFULLY
THANK YOU EVERYONE

काठमाडौं/जातीय विभेद विरुद्धको कथामा आधारित भएर निर्माण भएको फिल्म 'पूजार सार्की'लाई सबैले हेर्न राष्ट्रिय दलित आयोगले आह्वान गरेको छ । बिहीबार फिल्मका निर्माता सुभाष भुसाललाई सम्बोधन गर्दै आयोगका अध्यक्ष देवराज विश्वकर्माद्वारा जारी विज्ञप्तिमा फिल्मले शिक्षा दिने र समाज परिवर्तनको सन्देश प्रवाह गरेको उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, 'फिल्ममा देखाइए जस्तै आज पनि नेपाली समाजमा स्वैच्छिक विवाहलाई वर्जित गर्ने कुसंस्कार विद्यमान छ। शिक्षित र सभ्य मानिसहरूलाई यो गम्भीर प्रश्न पनि हो । सभ्य मानिसले सत्य कुरालाई स्वीकार नगर्नु असभ्यता हो । 'पूजार सार्की'ले यस्तो अवस्थालाई उजागर पार्न खोजेको छ। नेपालका जातीय रुपमा अपमानितहरूले वरण गरिरहेका शब्दहरू आफै अङ्गीकार गर्ने सन्देश फिल्मले बोकेको छ ।'

फिल्मका लेखक विकास सुवेदीले राज्यको कुनै निकायले पहिलोपटक नेपाली फिल्मलाई यसरी सम्बोधन गरेको बताए । उनी भन्छन्, 'राज्यले पञ्चायतकलामा आफ्नो प्रचारको लागि फिल्ममा लगानी गर्थ्यो । फिल्ममा निजी क्षेत्र आइसकेपछि पहिलोपटक यो विशेष फिल्म हो भनेर विज्ञप्ति नै जारी गर्नु सुखद हो ।' फिल्मले राज्यले बोल्नुपर्ने विषय बोलेको उनको जिकिर छ ।

'पूजार सार्की'का निर्देशक दिनेश राउतले फिल्म बनाउँदा केवल व्यावसायिक उद्देश्य मात्रै नराखी दलित मुक्तिको आन्दोलनको पुनर्जागरणको लागि निर्माण भएको बताए । उनले भने- 'यो फिल्म दलित मुक्तिको आन्दोलनको एक हिस्सा हो । यसलाई हामीले नेपालका हरेक बस्तीमा पुर्याउने छौं । संसारभरका नेपालीमाझ पनि पुऱ्याइरहेका छौं ।'

यसैबीच, बुधबार ठमेलस्थित छायाँ सेन्टरमा आयोजित विशेष शोमा दुई दर्जन राजनीतिज्ञले फिल्म हेरेका थिए । प्रतिनिधि सभा सदस्यहरु सन्तोष परियार, ठाकुर गैरे, निशा डाँगी, शान्ति परियार, हर्कमाया बिक, जीवन परियार, राष्ट्रिय दलित आयोगका पूर्व कार्यवाहक अध्यक्ष मन्जित ताम्राकार, पूर्वखेलकुद मन्त्री तथा दलित मुक्ति मोर्चाका अध्यक्ष दलजित सिर्पाइली लगायतले फिल्मको कथावस्तुले झस्काएको प्रतिक्रिया दिएका थिए । फिल्म सन्देशमुलक बनेको उनीहरुको धारणा थियो ।

दोस्रो हप्तामा पनि उच्च शोजसहित प्रदर्शन भइरहेको फिल्ममा आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अञ्जना बराइली, परीक्षा लिम्बु लगायतको अभिनय छ । विशेषगरी शनिबारसहितको तीन दिनको विदामा फिल्मले राम्रो कमाई गरेको थियो । अब फिल्मको टिम मोफसलका दर्शकसँग भेट गर्न दाङ, धनगडी र नेपालगञ्ज जाने तयारीमा छ ।

'लण्डन टू पेरिस'को 'सुवी डु' गीतमा साम्राज्ञी र निश्चलको नृत्य

काठमाडौं/ट्राभल-लभस्टोरी कथामा बनेको फिल्म 'लण्डन टू पेरिस'को डान्सिङ शैलीको नयाँ गीत 'सुवी डु' सार्वजनिक गरिएको छ । गीतमा बियोण्डको संगीत र शब्द रचना छ भने बियोण्ड र प्रविसा अधिकारीको युगल स्वर छ । लांगनेस फर्नान्डेजको कोरियोग्राफी रहेको गीतमा साम्राज्ञी राज्यलक्ष्मी शाह, निश्चल खड्का, गरिमा शर्मा, कबीर खड्का, मनिष गान्धी र रुप्मा थापा नृत्य गर्दै देखिएका छन् ।

यही जेठ २५ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्मलाई घनश्याम लामिछानेले निर्देशन गरेका हुन् । प्रदीप भार द्वाजको लेखन रहेको फिल्म एबी इन्टरनेशनलको प्रस्तुति तथा गौतम प्रोडक्शन र अर्चिड भेस फिल्म्स लिमिटेडको संयुक्त निर्माणमा बनेको हो । लण्डनमा छायांकन गरिएको यो फिल्मको निर्मातामा अमित बस्नेत, आरोन बस्नेत, एरियाना बस्नेत तथा परी राना रहेका छन् ।

सनिश खकुरेल र अजित केआर थापा सह-निर्माता रहेको फिल्मको कार्यकारी निर्मात अंकित गौतम, सुरज कुँवर र विजय भण्डारी हुन् । फिल्ममा अभेद परवको डिओपी, हर्कुलश बस्नेत, एसडी योगी, बियोण्ड र सलिन मगरको संगीत, सजु चन्द्रनको सम्पादन र सुजिल कर्माचार्यको पार्श्व संगीत छ । रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्सले 'लण्डन टू पेरिस'लाई नेपालमा वितरण गर्नेछ ।

मधेशमा प्रचण्ड र ओलीले खोजे माधव नेपालको साथ

काठमाडौं/केन्द्रीय समीकरणअनुसार मधेश प्रदेशमा सरकार गठनबारे शीर्ष तीन नेताबीच छलफल भएको छ । शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच भएको छलफल सकारात्मक रहेको नेताहरूले बताएका छन् । अब जनमत पार्टीका नेतृत्वमा नयाँ सरकार गठन हुने एमाले संसदीय दलका नेता सरोजकुमार यादवले बताए ।

मधेश प्रदेशका जनता समाजवादी पार्टी (जसपा) नेपालका सरोजकुमार यादव मुख्यमन्त्री छन् । सुरुमा एमालेको समर्थनमा मुख्यमन्त्री बनेका उनलाई बीचमा कांग्रेसले साथ दियो । केन्द्रमा जसै गठबन्धन फेरियो, कांग्रेस सरकारबाट बाहिरियो भने एमाले सरकारमा गयो । हरेक गठबन्धनमा मधेश सरकारको नेतृत्व जसपाले लियो ।

प्रतिनिधि सभामा १२ सांसद भएको जसपा बहुमतका लागि महत्वपूर्ण थियो, त्यसैले मधेशमा सबभन्दा ठूलो दल र दोस्रो दल भएर पनि क्रमश: एमाले र कांग्रेसले जसपाको नेतृत्व स्वीकार गरेको थियो । जसपामा आएको फुटपछि भने अवस्था फेरियो ।

जसपा नेपालका ७ सांसदले २३ वैशाखमा अशोक राईको नेतृत्वमा नयाँ दल जसपा दर्ता गरे । त्यसका बाबजुद मधेश सरकारको नेतृत्व जोगाउन जसपा नेपालले सरकार छाडेन । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव आफैं उपप्रधान तथा स्वास्थ्यमन्त्री थिए भने दीपक कार्की वन राज्यमन्त्री रहिरहे ।

तर सत्ता गठबन्धनले मधेशमा सरकार फेर्न चाह्यो । ३० वैशाखमा एमाले र माओवादी केन्द्रले मधेश प्रदेशबाट मन्त्रीहरू फिर्ता बोलाएर समर्थन फिर्ता लियो । साथै एमाले, जनमत, माओवादी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बीच मधेश प्रदेशमा नयाँ सरकार गठन गर्ने सहमति समेत भयो । जवाफमा जसपा नेपालले पनि मन्त्रीहरूलाई फिर्ता बोलाएर केन्द्रको सरकार छाड्यो । मधेश सरकार जोगाउन जसपा नेपाल अध्यक्ष यादव आफैँले दौडधुप थाले । सुरुमा जसपा नेपालका लागि मधेश सरकार जोगाउन असम्भव जस्तै देखिएको थियो ।

तर राष्ट्रिय राजनीतिमा देखिएको विकरणसँगै लोसपा नयाँ सरकार गठनको सहमतिबाट पछि हट्यो भने कांग्रेसले पनि जसपा नेपाललाई साथ दिने संकेत गऱ्यो । केन्द्रको सत्ता गठबन्धनमा रहेको एकीकृत समाजवादीले पनि मधेश सरकार सरकार छाडेकै थिएन । जसपा नेपाल १९ सांसद छन् । कांग्रेस २२, लोसपाको ८ र एकीकृत समाजवादीका ७ ले साथ दिनासाथ बहुमत (५४) सहजै पुग्ने देखियो ।

मधेश सरकारबारे बुधबार कांग्रेस सभापति शेरबहादुर देउवाको निवासमा भएको बैठकमा जसपा नेपाल र लोसपाका नेताहरूका साथै एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल आफैं सहभागी भएपछि केन्द्रको सत्ता गठबन्धन दबावमा आयो ।

एमाले र माओवादीका प्रदेशका नेताहरू जनमत पार्टीलाई मुख्यमन्त्री दिने सहमति गरे । तीन दलका नेताहरू काठमाडौं आएर शुक्रबार नै एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई भेटे । त्यो भेटमा नेता नेपालले मधेशसँगै कोशी, कर्णाली, सुदूरपश्चिम प्रदेश सरकारबारे प्याकेजमै सहमति हुनुपर्ने अडान राखे । लगतै सिंहदबारमा प्रधानमन्त्री प्रचण्ड, एमाले अध्यक्ष ओली र एकीकृत समाजवादीका अध्यक्ष नेपालबीच भेट भयो । 'सकारात्मक कुराकानी भएको छ' माओवादी केन्द्रका एक नेता भन्छन्, 'प्रधानमन्त्री र माधव नेपालबीच फेरि कुराकानी गर्ने भन्ने भएको छ । त्यसपछि सबै प्रदेशको विषय टुंगिन्छ ।'

स्रोतका अनुसार एकीकृत समाजवादीका अध्यक्ष नेपालले प्रचण्डसँग प्रदेश सरकारबारे थप प्रष्ट हुन चाहेका छन् । कोशीमा एमाले नेतृत्वमा सरकार छ, माओवादी पनि सरकारमा गएको छ । तर एकीकृत समाजवादीलाई समेटिएको छैन ।

(स्रोत: अनलाइनखबर)

सरकारी अस्पतालका समस्या अध्ययन गर्न समिति गठन

काठमाडौं/स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले सरकारी अस्पतालमा भएका समस्या अध्ययन गर्न तीन सदस्यीय समिति गठन गरेका छन् ।

सरकारी अस्पतालमा बिरामीले समयमै उपचारका लागि पालो नपाएको र शल्यक्रियाका लागि वर्षौं पालो कुर्नुपर्नेलगायत अवस्था रहेकाले यी समस्यालाई हल गर्न समिति गठन भएको हो ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार अतिरिक्त स्वास्थ्य सचिव डा. दीपेन्द्ररमण सिंहको संयोजकत्वमा गठित अध्ययन समितिमा डा. मदनकुमार उपाध्याय र वरिष्ठ जनस्वास्थ्य प्रशासक डा. गुणनिधि शर्मा सदस्य सचिव रहेका छन् ।

'स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालेसँगै उहाँले विभिन्न सरकारी अस्पतालको अनुगमन गर्नु भएको थियो । अस्पतालमा देखिएका समस्या र बिरामीले गरेको गुनासो सम्बोधन गर्न उहाँले समिति नै गठन गर्नु भएको हो,' डा. बुढाथोकीले भने ।

प्रवक्ता बुढाथोकी अनुसार समितिले अध्ययन प्रतिवेदन २ हप्ताभित्र पेस गर्नुपर्नेछ । समितिले पहिलो चरणमा काठमाडौं उपत्यका भित्रका संघीय अस्पतालहरूको स्थलगत अनुगमन गर्नेछ ।

'अस्पतालमा शल्यक्रियाको लागि लामो समयसम्म पालो कुर्नुपर्ने अवस्था, रेफरको अवस्था, सेवाको गुणस्तर एवं प्रक्रिया लगायतका विषय सम्बन्धमा क-कसको जिम्मेवारीभित्र पर्ने, शल्यक्रिया सेवा दिने विशेषज्ञ चिकित्सकको संख्या र अस्पतालले दैनिक दिएको सेवाको बिवरण तयार गर्नपर्ने निर्देशन दिनुभएको छ,' डा. बुढाथोकीले भने ।

यसैगरी अस्पतालमा बिरामीको चाप, जनशक्ति, साधनस्रोत एवं अन्य पूर्वाधारको अध्ययन गरी स्वास्थ्य सेवा समयमा नै एवं गुणस्तरीय रूपमा प्रवाह गर्न सुझाव पेस गर्ने जिम्मेवारी पनि समितिलाई छ ।

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP,
Sharp Ricoh, Epson,
Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

जनहितमा जारी सन्देश !

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद विक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानून विरुद्धका कार्यहरू भए वा गरे गराएमा कानून बमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

हेटौंडा उपमहानगरपालिका
६ नं. वडा समिति

बागमतीको नीति तथा कार्यक्रम बहुमतले पारित

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ बागमती प्रदेश सरकारको आगामी आथिर्क वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ । शुक्रबार बसेको प्रदेशसभाको बैठकले सरकारको आगामी आवको नीति तथा कार्यक्रम बहुमतले पारित गरेको हो ।

प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि प्रदेशसभाका ८ जना सांसदले विभिन्न बुँदामा संशोधन प्रस्ताव दर्ता गराएका थिए । प्रदेशसभाका सांसदले विभिन्न बुँदामा संशोधनको लागि गरेको प्रस्ताव अस्वीकृत भएपछि प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बहुमतले पारित भएको हो ।

बागमती प्रदेश सरकारको आगामी आर्थिक आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममाथिको छलफल सकिएको छ । बुधबारबाट सुरु नीति तथा कार्यक्रममाथिको छलफल शुक्रबार सकिएसँगै पारित गरिएको हो । छलफलमा सत्तापक्ष, प्रमुख प्रतिपक्ष र प्रतिपक्ष दलका सांसदले आ-आफ्नो धारणा, सुझाव र सल्लाह दिएका थिए । छलफलको क्रममा सांसदहरुले सरकारलाई भूगोल अनुसारको बजेट र योजना कार्यान्वयन गर्न सुझाव र दीगो कार्यान्वयन गर्न सल्लाह दिएको थिए ।

बैठकमा प्रदेशसभाका सदस्यले सरकारले ल्याएको नीति तथा कार्यक्रममा प्रत्यक्ष रोजगारीलाई समेट्न औद्योगिक क्षेत्रको विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता नदिएकोमा चिन्ता व्यक्त गरेका थिए । उनीहरुले पूराना औद्योगिक क्षेत्रको समस्या बुझेर ती उद्योगलाई संचालनमा ल्याउनेतर्फ सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । प्रदेशसभा सदस्यहरुले कृषिलाई उत्पादनमूखी बनाउने कार्यमा नीति तथा कार्यक्रममा थप कार्यगत योजनाहरु समावेश नभएको भन्दै सरकारले अब प्रदेशको पायक पर्ने स्थानमा प्राङ्गारिक मल कारखानाको स्थापनाको लागि बजेट विनियोजन गर्नुपर्ने माग गरे ।

बैठकमा प्रदेशसभाका सदस्यले प्रदेश सरकारले भौतिक पूर्वाधार विकासको छनोट भएका योजनालाई मात्र आगामी वर्षको बजेटमा समावेश गर्न आग्रह गरे । मौसमी परिवर्तनसँगै वन डढेलोबाट हुने मानवीय एवम् वन्यजन्तु, पशुपक्षीमा हुने क्षतिलाई न्यूनीकरण गर्न स्थानीय निकायलाई प्राविधिक उपकरणसहित उपलब्ध गराउनुपर्ने र पीडित परिवारलाई राहत उपलब्ध गराउनुपर्ने बताएका थिए ।

प्रदेशको विभिन्न जिल्लामा सरकारी विद्यालय स्थापना भएको भएपनि त्यँहा गुणस्तरीय पठन-पाठनका लागि सम्बन्धित निकाय र शिक्षकले भूमिका निर्वाह गर्न नसकेकोतर्फ स्थानीय अभिभावको गुनासो आएकोले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले समय-समयमा अनुगमन टोली पठाई शिक्षाको गुणस्तर सुधार गर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुपर्ने उनीहरुको धारणा थियो ।

प्रदेश सरकारको अघिल्लो आर्थिक वर्षमा सनातन साँस्कृतिक प्रबर्द्धनको लागि नीति कार्यक्रममा समावेश गरी प्रत्यक जिल्लामा साँस्कृतिक उत्थानको निमित विभिन्न संघसंस्थाले पुर्‍याएको योजनालाई प्रदेश सरकारले यसवर्ष समावेश नगरिएको हुँदा सरकारले अब आत्मसमिक्षा गरेर यो विषय समावेश गर्न सुझाव दिएका थिए । सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम जेठ १४ गते प्रदेशप्रमुख यादवचन्द्र शर्माले सार्वजनिकरण गरेका थिए । सभामुख भुवनकुमार पाठकले अर्को सूचना जारी नभएसम्मका लागि बागमती प्रदेशसभाको बैठक स्थगित भएको घोषणा गरेका छन् ।

मनहरीमा साबुन र सर्फ बनाउने तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ मकवानपुरको मनहरी गाउँपालिकाले दलित समुदायका महिलालाई साबुन तथा सर्फ बनाउने तालिम सञ्चालन गरेको छ । दलित समुदायका महिलालाई आयआर्जनमा अभिप्रेरीत गर्ने गरी शुक्रबारबाट तालिम संचालन गरिएको हो ।

गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगरले शुक्रबार तालिमको उद्घाटन गर्दै दलित महिलालाई आत्मनिर्भर बनाउन तालिमको आयोजना गरिएको बताइन् । ‘समाजमा पिछडिएका दलित महिलालाई गाउँपालिकाले सीपमूलक तालिम दिएर सामाजिक र व्यावसायिक दुबै हिसाबले सफल बनाउने लक्ष्य लिएको छ’ उनले भनिन् ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले सहभागीलाई तालिमपश्चात व्यावसायिक रुपमा अघि बढ्न सफलताको शुभकामना दिएका थिए । तालिममा गाउँपालिकाका ९ वटै वडाबाट ४५ जना दलित महिलाको सहभागिता रहेको छ । तालिम उद्घाटन कार्मक्रममा मनहरी-५ का वडाअध्यक्ष दीपेन्द्र अधिकारी, वडा नम्बर ६ का वडासदस्य राममाया नगरकोटी लगायतको उपस्थिति रहेको थियो ।

भीरबाट लडेर महिलाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ मकवानपुरगढी गाउँपालिका-८ ओखरडाँडास्थित लाखुरेडाँडा भीरबाट लडेर एकजना महिलाको ज्यान गएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार स्थानीय ३५ वर्षीया कल्पना थिङ स्याङ्तानको बिहीवार भीरबाट खसेर मृत्यु भएको हो । भीरबाट खसेको अवस्थामा महिलाको शव फेला परेको थियो । घटनाबारे थप अनुसन्धान कार्य भइरहेको प्रहरीको भनाई छ ।

यसैगरी, मकवानपुर गढीमा युवती मृतअवस्थामा फेला परेकी छिन् । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार मकवानपुरगढी गाउँपालिका-६, पानीघाट बस्ने २१ वर्षीया सुनिता तामाङ (अविवाहित) आफ्नै घर देखि अन्दाजी २५ मिटर पूर्वतर्फ मृतअवस्थामा फेला परेकी हुन् ।

रुखको हागोमा सलको पासो लगाई झुण्डीएको अवस्थामा उनको शव फेला परेको प्रहरीको भनाई छ । घटनास्थलबाट मुचुल्का सहित आवश्यक अनुसन्धान कार्य भईरहेको प्रदेश प्रहरीले जनाएको छ ।

समर स्टिम क्याम्पको समापन

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ एष्ट्रोनोभा फाउण्डेशन नेपालको अनुसन्धान तथा आविस्कार केन्द्रद्वारा हेटौंडामा आयोजित १८ दिने निःशुल्क समर स्टिम क्याम्प २०८१ समापन गरिएको छ ।

फाउण्डेशनले एसइइ परीक्षा दिएर बसेका विद्यार्थीलाई स्टीम क्याम्पको रुपमा विभिन्न ९ प्रकारको तालिम निःशुल्क सञ्चालन गरेको हो । जसअन्तरगत विज्ञान प्रविधिसँग सम्बन्धित रोबटिक्स एण्ड अटोमेशन, वेव डेभलपमेन्ट, साइबर सेक्यूरेटी, आर्ट एण्ड पेन्टीङ, रकेट साइन्स एण्ड एनिमेशन, ड्रोन ओर्कशप इन्जिनियर, रिसर्च राइटिङ ओर्कशपलगायत विभिन्न विषयमा प्रशिक्षार्थीलाई विषयविज्ञहरुले सहजिकरण गरेका थिए ।

समापन समारोहमा विद्यार्थीले १८ दिनमा विज्ञान प्रविधिसँग सम्बन्धित ज्ञान तथा सीप हासिल गरी निर्माण गरेको विभिन्न सामग्री स्टल बनाएर प्रदर्शनीमा राखिएको थियो । सामग्री १ हजार ५ सय भन्दा बढीले प्रत्येक्ष अवलोकन गरेको र अवलोकनकर्ताबाट रचनात्मक सुझाव आएको फाउण्डेशनका अध्यक्ष किशन बास्तोलाले जानकारी दिए ।

उनले सानै उमेरदेखि बालबालिकालाई रुचीको क्षेत्र पत्ता लगाउन सहज होस् र पढाइलाई सिकाइमा रुपान्तरण गर्न मद्दत मिलोस् भन्ने उद्देश्यले क्याम्प आयोजना गरिएको बताए । जिल्लाका विभिन्न विद्यालयमा अध्ययनरत १३५ जना बालबालिकालाई प्रोजेक्ट ओर्क, प्यानल डिस्कसन, सोसिएल क्याम्पेनिङ गराएर शिक्षण सिकाई कार्य सञ्चालन गरिएको थियो । यसअघि पनि फाउण्डेशनले विद्यालयमै पुगेर बालबालिकालाई विज्ञानप्रविधिसँग सम्बन्धित ज्ञान तथा सीप निःशुल्क रुपमा प्रदान गर्दै आएको थियो ।

खेल पत्रकारका लागि तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/नेपाल खेलकुद पत्रकार मञ्च मकवानपुरले संचारकर्मीहरुका लागि खेलकुद पत्रकारिता तालिमको आयोजना गरेको छ । बाराको अम्लेखगञ्जमा शुक्रबारबाट २ दिने खेलकुद पत्रकारिता तालिम सुरु भएको हो ।

खेलकुद क्षेत्रमा क्रियाशील मकवानपुरका पत्रकारहरुको सहभागितामा संचालित तालिममा नेपाल खेलकुद पत्रकार मञ्चका पूर्वअध्यक्ष नीरन्जन राजवंशी, खेलकुद पत्रकार मञ्च एकेडेमीका सदस्य हिमेश बज्रचार्य र आइसिसिका एम्पायर विनयकुमार झाले सहजीकरण गरिरहेका छन् ।

मञ्च समन्वय शाखा मकवानपुरका अध्यक्ष राजन दाहाल ‘रसिक’ को अध्यक्षतामा भएको तालिमको उद्घाटन गर्दै मञ्चका पूर्वअध्यक्ष राजवंशीले तथ्यांकमा आधारित भएर खेल समाचार संकलन तथा लेखनले पत्रकारितालाई परिस्कृत र उत्कृष्ट बनाउने धारणा ब्यक्त गरे । राजवंशीले खेलकुद क्षेत्रको प्राविधिक पक्षलाई समाचारमा समेट्न कठिन रहेकाले खेलका हरेक नियमलाई पत्रकारले बुझ्न जरुरी रहेको बताए । तालिमलाई सिकाउने र पढाउने भन्दा पनि अनुभव साटासाटको रुपमा लिनुपर्ने उनको सुझाव थियो ।

हेटौंडा उपमहानगरपालिका र बागमती प्रदेश खेलकुद विकास परिषद्को समन्वयमा आयोजित कार्यक्रममा पत्रकार महासंघ मकवानपुरका सल्लाहकार बालकृष्ण अधिकारी, मञ्चका उपाध्यक्ष सुवास विडारी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

हेटौंडामा निःशुल्क योगविज्ञान शिविर

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ हेटौंडामा योगविज्ञान शिविर हुने भएको छ । पतन्जली महिला योग समिति मकवानपुरको आयोजनामा जेठ २१ देखि २३ गतेसम्म शिविर हुने भएको हो ।

हेटौंडा उपमहानगर पालिका-४ वडा कार्यालय र पतंजली योग समिति मकवानपुरको सहयोगमा रोयल पार्टी प्यालेसमा निःशुल्क योगविज्ञान शिविरको तयारी सुरु गरिएको महिला पतंजली योग समिति मकवानपुर अध्यक्ष शशिकला थापाले बताइन् । शिविरबारे जानकारी दिन शुक्रबार पत्रकार भेटघाट कार्यक्रम गरिएको थियो ।

पतन्जली योग समिति मकवानपुर जिल्ला अध्यक्ष रामकृष्ण थापा, समितिका महामन्त्रि ऋषिकुमार ढकाल, पतन्जली संगठन मन्त्रि रघु आचार्य, पतन्जली प्रदेश सदस्य धुप्रसाद पौडेल, संस्कृत व्याकरणाचार्य शिवप्रसाद रेग्मी, संस्कृत गुरुकुल व्यवस्थापन समितिको सदस्य सूर्यप्रसाद नेपाललगायतको उपस्थितिमा पत्रकार सम्मेलन गरिएको हो । योगविज्ञान शिविर विहान ठीक ५ बजेदेखि ७ बजेसम्म दैनिक दुई घण्टाका हुने थापाले बताइन् । शिविरमा महिला पतंजली योग समिति केन्द्रीय अध्यक्ष पूज्य साध्वी देवादितिबाट योग प्रशिक्षण दिईने पतन्जली योग समिति मकवानपुर जिल्ला अध्यक्ष थापाले बताए ।

हेटौंडामा विश्व धुम्रपानरहित दिवस मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/नेपाल अर्बुद रोग निबारण संस्था, नेपाल हृदयरोग निबारण प्रतिष्ठान, नेपाल स्वयंसेबी रक्तदाता समाज, रोटरी क्लब अफ हेटौंडा र भुबनेश्वर सेवा समितिको संयुक्त पहलमा सुर्तिजन्य पदार्थको सेबनले स्वास्थ्यमा पार्ने प्रतिकूल प्रभावबारे प्रबचन र निःशुल्क स्वास्थ्यपरीक्षण सम्पन्न भएको थियो ।

नेपाल हृदयरोग निबारण प्रतिष्ठान मकबानपुरको अध्यक्ष बिजयकुमार बैद्यको सभाध्यक्षता, नेपाल चिकित्सक संघको जिल्ला अध्यक्ष डा.हरि खड्का तथा नेपाल अर्बुद रोग निबारण संस्थाको केन्द्रीय उपमहासचिव प्रकाश खतिवडाको बिशेष आतिथ्यतामा कार्यक्रम भएको हो । नेपाल अर्बुद रोग निबारण सस्था मकबानपुर शाखा सभापति माधब अधिकारी, प्रतिष्ठानको केन्दीय सदस्य एबम् निवर्तमान अध्यक्ष हरिबंश भेटबाल, रोटरी क्लबको भोकेशनल डाईरेक्टर सुर्दशन ढकाल, रोटरी क्लबको पूर्वअध्यक्ष रामप्रसाद शर्मा, नेपाल हृदयरोग निबारणका सल्लाहकार भगीरथ शर्मा, नेपाल स्वयंसेबी रक्तदाता समाजका अध्यक्ष पूर्णप्रसाद अर्याल, भुबनेश्वर सेबा समितिका अध्यक्ष जगन्नाथ पाण्डे, नेपाल अर्बुद रोग निबारण संस्थाका निवर्तमान सभापति कपिला जोशी लगायतको आतिथ्यता रहेको थियो ।

नेपाल चिकित्सक संघको जिल्ला अध्यक्ष डा. खड्काले धुम्रपान के हो ? धुम्रपानको सेबनले मानिसमा के कस्तो रोग लाग्छ ? चुरोटमा पाईने केमिकलले मानवस्वास्थ्यमा पार्ने असर, निश्क्रिय धुम्रपानको असरको बारेमा बताएका थिए । यसैगरी नेपाल अर्बुद रोग निबारण संस्थाको केन्द्रीय उपमहासचिव प्रकाश खतिवडाले बजेटमा सुर्तिजन्यपदार्थको करमा खासै बृद्धि हुन नसक्दा सरकार चुकेको र सरकारले राजस्व गुमाउनुका साथै सुर्तिजन्यपदार्थको उत्पादनकर्तालाई फाइदा पुग्ने कार्य गरेकोमा दुःखेसो पोखे । यसवर्षको नारा बालबालिकालाई सुर्तिजन्यपदार्थ उद्योगको हस्तक्षेपबाट जोगाऔं भन्ने छ । विद्यालयमा बालबालिकालाई लक्षित गरी उनीहरुलाई धुम्रपानको बारेमा बेलैमा सचेत गर्न बिभिन्न कार्यक्रम संचालन गर्ने र जिल्ला प्रशान कार्यालयसँग सहकार्य गरी विद्यालयको बरपर सुर्तिजन्यपदार्थको बिक्री बितरणको अबस्थाको बारेमा अनुगमनमा सहकार्य गर्नुपर्ने बारे औंल्याएका थिए ।

यसैगरी नेपाल हृदयरोग निबारण प्रतिष्ठान मकबानपुरको अध्यक्ष बैद्यले नेपाल, भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकामा सुर्तिजन्य पदार्थको प्रयोगबाट महिला, पुरुष र बालबालिका परेको असरको बारेमा तथ्यांक प्रस्तुत गर्दै अबको कार्यक्रम सुर्तिजन्यपदार्थबाट बालबालिकालाई हुन सक्ने असरबाट जोगाउने खालका कार्यक्रम बनाउनुका साथै स्थानीय सरकारलाई यसबारे पैरबी गर्न आवश्यक रहेको बताए ।

पाँचवटा संस्थाको पहलमा संयुक्त रुपमा सुर्तिजन्यपदार्थको हानीबाट मानवलाई जोगाउने खालका सचेतनामूलक कार्यक्रम संचालन गर्ने निष्कर्ष निकालिएको थियो । हरेकवर्ष सुर्तिजन्यपदार्थको सेबनबाट मानिसले अकालमा मृत्युबरण गरिरहेको परि प्रेक्षमा सुर्तिजन्यपदार्थको सेबनबाट हुनसक्ने गम्भिर परिणमको बारेमा सचेतना गर्ने अभिप्रायले हरेकवर्ष मे ३१ का दिन विश्वस्वास्थ्य संगठनको आह्वानमा विश्वभरिनै धुम्रपन रहित दिवस मनाउने गरिन्छ । नेपालमा नेपाल अर्बुद रोग निबारण संस्थाले यस दिवसको अगुवाई गर्दै मनाउने गरिएको छ ।

आकर्षक जग्गा बिक्रीमा

मकवानपुर जिल्ला मनहरी गा. पा. वडा नं. ६ नारायणगढतर्फ महेन्द्र राजमार्ग सडकबाट करिव १ कि. मि. को दूरिमा रहेको २ विघा ११ कठ्ठा १४ धुर आकर्षक जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले तल उल्लेखित नम्बरमा सम्पर्क राख्नुहोला।



सम्पर्क नम्बर:
९८५१०६६४६१
९८५१०६६४६०

आकर्षक घडेरी बिक्रीमा

हेटौडाबाट नारायणगढतर्फ महेन्द्र राजमार्ग सडकबाट करिव ३०० मिटरको दूरिमा लालिगुराँस टोल विकास, वडा नं. ११ मा रहेको ०-०-१७ धुर आकर्षक घडेरी बिक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले तल उल्लेखित नम्बरमा सम्पर्क राख्नुहोला।



सम्पर्क नम्बर: ९८५१०६६४६१/९८५१०६६४६०

जनहितमा जारी सन्देश !

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र ‘बालबालिका सम्बन्धी ऐन, २०७५’ समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद विक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानून विरुद्धका कार्यहरू भए वा गरे गराएमा कानून बमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

हेटौंडा उपमहानगरपालिका
१ नं. वडा समिति

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरू:

☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना